# सम्मरीमाई गाउँपालिका
# Sammarimai Rural Municipality
## गाउँकार्यपालिकाको कार्यालय
## Office Of The Rural Municipal Executive

फरेना, रुपन्देही
Farena, Rupandehi

लुम्बिनी प्रदेश,नेपाल
Lumbini province, Nepal

प. सं. -०७९।०८०　　　　　　　　　　　　　　　　　　मिति -२०७९।१२।३०

च .नं १७२०

बिषय:-शैक्षिक सत्र २०८०,सालको बिद्यार्थी भर्ना कार्यक्रम सम्बन्धमा ।

**"नव बर्ष २०८० सालको हार्दिक मंगलमय शुभकामना सहित बिद्यार्थी भर्नाको निमन्त्रणा"**

शैक्षिक संस्थाहरु लगायत सरोकारवाला सबै ।

प्रस्तुत बिषयमा शिक्षा तथा मानवस्रोत विकासकेन्द्र सानोठीमी भक्तपुरको च. नं. ४१९ मिति २०७९।१२।२६ को पत्रानुसार **"समयमै भर्ना, समयमै ज्ञान, गुणस्तरीय शिक्षा, सबैको अभियान"** भन्ने आदर्श वाक्यका साथ शैक्षिक सत्र २०८० को बिद्यार्थी भर्ना कार्यक्रम संचालन गरिने भएकोले विद्यालय उमेर समूहका बालबालिकालाई बिद्यालयमा भर्ना, शिक्षा सम्बन्धी मौलिक अधिकार सारभूत रुपमा कार्यान्वयन गर्न बिद्यार्थी भर्ना तथा बिद्यालय स्वागत कार्यक्रम संचालनका लागी यस गाउँपालिकाका सम्पूर्ण शैक्षिक संस्थाहरु लगायत सरोकारवाला सबैमा समन्वय तथा सहजीकरणका लागी अनुरोध छ ।

**तपसील**

बिद्यालय र अभिभावकले गर्नु पर्ने कार्यहरु

- ✓ बि. ब्य. स. को निर्णय गराई कार्यतालिका तयार गरी शैक्षिक सत्र २०८० को बिद्यार्थी भर्ना बैशाख महिना भित्रै संचालन गर्ने ब्यवस्था मिलाउने ।
- ✓ भर्ना हुन आउने बालबालिकाहरुलाई तत्काल नि : शुल्क भर्ना गरी स्वागत गर्ने र नि: शुल्क पाठ्यपुस्तक उपलब्ध गराउने ।

कपिलमणि भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

# सम्मरीमाई गाउँपालिका
# Sammarimai Rural Municipality
## गाउँकार्यपालिकाको कार्यालय
## Office Of The Rural Municipal Executive

फरेना, रुपन्देही
Farena, Rupandehi

लुम्बिनी प्रदेश,नेपाल
Lumbini province, Nepal

- ✓ बिद्यार्थी भर्नाका लागी आफ्नो सेवाक्षेत्रभित्र ब्यापक रुपमा प्रचार प्रसार, सूचना, रेडियो, एफ.एम., सामाजिक संजाल ,स्थानीय मेला, पर्व आदिलाई माध्यमको रुपमा प्रयोग गरी गर्ने गराउने ।
- ✓ कक्षा ११ र १२ संचालन भएका बिद्यालयहरुले सो तहमा अध्ययरत बिद्यार्थीहरुलाई प्रयोगात्मक कार्यको रुपमा आफ्नो सेवाक्षेत्र भित्र बालबालिकाको लगत संकलन, तिनीहरु बिद्यालय बाहिर रहनुको कारण एवम समस्या पहिचान, बिद्यालय भर्नाका लागी घरदैलो, सडक नाटक प्रदर्शन जस्ता क्रियाकलापमा परिचालन गर्ने ।
- ✓ बिद्यार्थी भर्ना अभिभावकत्व ग्रहण गरी भर्ना गर्नेहरुको हकमा समेत अभिलेख ब्यवस्थित राख्ने र स्थानीय तहमा सम्प्रेषण गर्ने ।
- ✓ एक जना शिक्षकलाई बिद्यार्थी भर्ना कार्यक्रमको लागी सम्पर्क ब्यक्ति तोकी सूचना सम्पर्क र समन्वयको जिम्मेवारी दिने ।
- ✓ अभिभावकहरुले पनि आ- आफ्नो बालबालिकाहरुलाई बिद्यालयमा समयमै भर्ना गर्ने गराउने ।

झविलाल भट्टराई
प्रमुख प्रशासकीय अधिकृत